घरपझोङ गाउँपालिका

# स्थानीय सामाजिक सुरक्षा कोष सञ्चालन कार्यविधि,२०७७

## गाउँ कार्यपालिकाबाट स्वीकृतः २०७७।०४।०६ गते

घरपझोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

# स्थानीय सामाजिक सुरक्षा कोष सञ्चालन कार्यविधि,२०७७

**प्रस्तावनाः**

घरपझोङ गाउँपालिका भित्रका स्थायी बसोबास गर्ने ज्येष्ठ नागरिक अन्य, ज्येष्ठ नागरिक दलित, एकल महिला, पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति, अति अशक्त अपाङ्गता भएका व्यक्ति र आर्थिक रुपले कमजोर भएका विपन्न बिरामी नागरिकलाई आर्थिक सहायता उपलव्ध गराउन गाउँपालिकाले कोष स्थापना गरी संचालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

घरपझोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी घरपझोङ गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएकोछ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-** (क) यो कार्यविधिको नाम "स्थानीय सामाजिक सुरक्षा कोष सञ्चालन कार्यविधि, २०७७" रहेकोछ ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

(क) "कोष" भन्नाले कार्यविधिको दफा ४ मा उल्लेख गरे बमोजिम स्थापना गरिएको ज्येष्ठ नागरिक अन्य, ज्येष्ठ नागरिक दलित, एकल महिला, पूर्ण अशक्त अपाङ्गता र अति अशक्त अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य उपचार, विपन्न बिरामी सहायता र औषधी व्यवस्थापन सम्बन्धी कोषलाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले घरपझोङ गाउँपालिका, मुस्ताङलाई सम्झनुपर्दछ ।

(ग) "ज्येष्ठ नागरिक अन्य" भन्नाले ७० बर्ष उमेर माथिका व्यक्तिलाई सम्झनु पर्दछ ।

(घ) "ज्येष्ठ नागरिक दलित" भन्नाले ६० बर्ष उमेर माथिका दलित व्यक्तिलाई सम्झनु पर्दछ ।

(ङ) "एकल महिला" भन्नाले ६० बर्ष माथिका एकल महिलालाई सम्झनु पर्दछ ।

(च) "पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति" भन्नाले अपाङ्गता वर्गीकरण गरी पूर्ण अशक्त अपाङ्गता (रातो कार्ड) कार्ड प्राप्त व्यक्तिलाई सम्झनु पर्दछ ।

(छ) "अति अशक्त अपाङ्गता भएका व्यक्ति" भन्नाले अपाङ्गता वर्गीकरण गरी अति अशक्त अपाङ्गता (निलो कार्ड) कार्ड प्राप्त व्यक्तिलाई सम्झनु पर्दछ ।

(ज) "विपन्न बिरामी नागरिक" भन्नाले सम्बन्धित वडा कार्यालयले सिफारिस गरे बमोजिम आर्थिक हिसाबले दैनिक आवश्यकताहरु जस्तैः गाँस, बास, कपास पुरा गर्न कठिन भएको व्यक्ति वा परिवार सम्झनु पर्दछ वा गाउँपालिकाले जारी गरेको गरीब परिवार परिचय पत्र वाहक विपन्न बिरामी नागरिक सम्झनु पर्दछ ।

(झ) "कोष व्यवस्थापन समिति" भन्नाले कार्यविधिको दफा ६ मा उल्लेख गरे बमोजिम गठन भएको कोष व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

**३. कोषको रकम खर्च गर्न सकिनेः**

(१) कोषको रकम देहायको व्यक्तिहरुलाई उपचार गर्नको लागि उपलब्ध गराउन सकिनेछ।

(क) ज्येष्ठ नागरिक अन्य,

(ख) ज्येष्ठ नागरिक दलित,

(ग) एकल महिला,

(घ) पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति,

(ङ) अति अशक्त अपाङ्गता भएका व्यक्ति,

(च) विपन्न बिरामी नागरिक।

## परिच्छेद २

## कोषको स्थापना र व्यवस्था

**४. कोषको स्थापनाः**(१) गाउँपालिकाले दफा ३ बमोजिमका व्यक्तिहरुलाई उपचार गर्नको लागि ज्येष्ठ नागरिक अन्य, ज्येष्ठ नागरिक दलित, एकल महिला, पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति, अति अशक्त अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य उपचार, विपन्न बिरामी सहायता र औषधी व्यवस्थापन सम्बन्धी कार्य गर्नको लागि गाउँपालिकामा एक स्थानीय सामाजिक सुरक्षा कोष स्थापना गर्नेछ ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

(क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(ख) गाउँपालिकाले कोषमा जम्मा गर्न पठाएको रकम,

(ग) विभिन्न संघ-संस्था वा व्यक्तिबाट कोषलाई सहयोग स्वरुप प्राप्त हुने रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

**५.कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः** कोषको रकम दफा ८ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

## परिच्छेद ३

## कोषको परिचालन र व्यवस्थापन

**६.कोष व्यवस्थापन समितिः** कोषको सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक कोष व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिकाका अध्यक्ष | – संयोजक |
| गाउँपालिकाका उपाध्यक्ष | –सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | – सदस्य सचिव |

**७. कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(१) उपचार वापतको आर्थिक सहयोग उपलब्ध गराउने ।

(२) बिरामीलाई आर्थिक सहयोग उपलब्ध गराउने,

(३) आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउनेछ।

**८. आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः** (१) कार्यविधि बमोजिम बिरामी तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई उपचार खर्च वापत आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछः-

(क) ज्येष्ठ नागरिक अन्य, ज्येष्ठ नागरिक दलित, एकल महिला, पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति, अति अशक्त अपाङ्गता भएका व्यक्तिको लागि बार्षिक रू. एक हजार दिइनेछ ।

(ख) बिपन्न बिरामी नागरिकले मुस्ताङ जिल्लाको सरकारी स्वास्थ्य संस्था तथा अस्पतालमा बिरामी भई स्वास्थ्य उपचार गराएमा बढीमा बार्षिक रु. तीन हजार सम्म दिइनेछ ।

(ग) बिपन्न बिरामी नागरिकले जिल्ला अस्पताल मुस्ताङले थप उपचारको लागि जिल्ला बाहिर रिफर गरेमा वार्षिक बढीमा दश हजार सम्म दिइनेछ ।

**९. सेवा लिने प्रक्रियाः** (१) दफा ८ को उपदफा (१) (क) बमोजिम गाउँपालिकाबाट दिईने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई उपचार खर्च वापत दिईने रकमलाई गाउँपालिकाले सम्बन्धित लाभग्राहीको बैंक खाता वा नगदै रुपमा वार्षिक रूपमा उपलब्ध गराउनेछ ।

(२) दफा ८ को उपदफा (१) (ख) का बिरामीले गाउँपालिकाबाट सहायता कोषको रकम लिनको लागि अनुसूची १ बमोजिम सम्बन्धित वडा कार्यालयमा निवेदन दिई वडा कार्यालयबाट सिफारिस लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सिफारिस, स्वास्थ्य संस्थाको ईन्चार्ज/अस्पतालको चिकित्सकको प्रिस्कृप्सन,नागरिकता प्रमाणपत्रको प्रतिलिपी, नाबालकको हकमा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी र निवेदन सहित गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(४) दफा ८ को उपदफा १ (ग) को बिपन्न बिरामी नागरिकले जिल्ला बाहिर थप उपचारको लागि जानु परेको खण्डमा जिल्ला अस्पतालले रिफर गरेको चिकित्सकको प्रिस्कृप्सन, नागरिकता प्रमाणपत्रको प्रतिलिपी, नाबालकको हकमा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित वडा कार्यालयको सिफारिस र अनुसूची १ बमोजिम निवेदन पेश गर्नुपर्नेछ ।

(५) विपन्न बिरामी नागरिकको हकमा सम्बन्धित वडा कार्यालयबाट बिपन्न भएको सिफारिस पत्र वा गाउँपालिकाले जारी गरेको गरीब परिवार परिचय पत्र पेश गर्नु पर्नेछ ।

**१०. तत्काल रकम उपलव्ध गराउन सक्नेः**(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बिपन्न बिरामी  नागरिकलाई तत्काल जिल्ला अस्पतालले रिफर गरेको चिकित्सकको प्रिस्कृप्सनको आधारमा सहायता रकम प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षती हुने देखिएमा र कोष व्यवस्थापन समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा समितिको संयोजकले आवश्यकता र औचित्यताका आधारमा मनासीव देखी कोषबाट बिपन्न बिरामी नागरिकलाई रकम उपलव्ध गराउन निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा कोष व्यवस्थापन समितिको संयोजकबाट पीडितलाई रकम उपलव्ध गराउने निर्णय भएकोमा त्यसरी रकम उपलव्ध गराईए पछि वस्ने कोष व्यवस्थापन समितिको वैठकबाट सो निर्णय अनुमोदन गराउने जिम्मेवारी संयोजकको हुनेछ ।

## परिच्छेद-४

## <u>औषधी व्यवस्थापन</u>

११. यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट विरामीहरुलाई निशुल्क सेवा प्रदान गर्न, महामारी रोगहरुलाई व्यवस्थापन गर्नको लागि औषधी तथा उपचार सम्बन्धी सामाग्रीहरु अभाव हुन गएमा कोष व्यवस्थापन समितिको निर्णय बमोजिम कोषबाट आवश्यक रकम खर्च गर्न सकिनेछ ।

<u>१२.थप रकम निकासा माग गर्न सक्नेः</u> कोष व्यवस्थापन समितिबाट कोषमा भएको रकम अपर्याप्त भएको लागेमा सोको कारण खुलाई गाउँ कार्यपालिकासँग थप रकम माग गर्न सक्नेछ।

## परिच्छेद ५

## <u>खाता सञ्चालन</u>

<u>१३ .छुट्टै खाता खोल्नु पर्नेः</u> (१) कोषमा प्राप्त भएको रकम कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ।वा गाउँपालिकाको विविध कोष खातामा जम्मा गर्नुपर्छ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(३) यस कोषको रकम फ्रिज नहुने खातामा राख्नुपर्दछ ।

## परिच्छेद ६

## <u>कोषको लेखा र लेखा परीक्षणः</u>

<u>१४. लेखा परीक्षणः</u> कोषको आन्तरिक तथा अन्तिम लेखापरीक्षण कार्यालयले कानून बमोजिम गराउनु पर्नेछ ।

## परिच्छेद ७

## <u>विविध</u>

<u>१५. व्याख्या गर्ने अधिकारः</u> कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयनमा कुनै द्विविधा परेमा त्यसको व्याख्या गर्ने अधिकार कार्यालयलाई रहनेछ ।

<u>१६. बाधा अड्काउ फुकाउने अधिकारः</u> कार्यविधि कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अन्तिम अधिकारगाउँ कार्यपालिकामा सुरक्षित रहनेछ ।

-0-

अनुसूची १

कार्यविधिको दफा ९ को उपदफा (२ र ३) सँग सम्बन्धित
(बिपन्न बिरामी नागरिकको लागि)

बिषयः आर्थिक सहयोगको लागी सिफारिस गरिदिनुहुन ।

**श्रीमान् वडा अध्यक्षज्यू,**
....... वडा कार्यालय,
घरपझोङ गाउँपालिका,
...................., मुस्ताङ ।

घरपझोङ गाउँपालिका वडा नं. .. मा स्थायी बसोबास गर्ने बर्ष ....... को म ................................ ............................ रोगबाट पीडित भई **उपचार गरेको/थप उपचारको लागी जिल्ला बाहिर जानु पर्ने भएकोले** मेरो आर्थिक अवस्था अत्यन्त कमजोर (बिपन्न) भएको हुँदा गाउँपालिकामा रहेको स्थानीय सामाजिक सुरक्षा कोषबाट आर्थिक सहयोग रकम उपलव्ध गराई दिनुहुनको लागी घरपझोङ गाउँपालिकाको कार्यालयलाई सिफारिस गरिदिनुहिन अनुरोध छ ।

निवेदककोः
नाम, थरः
ठेगानाः
दस्तखतः
मितिः